म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ४८ | शुक्रबार ३१ भदौ २०७९ | ने. सं. ११४२ ञलगा | 16 September, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

घर तथा फ्ल्याट भाडामा

हेटौंडा-२ स्थित सिद्धार्थ स्कुल अगाडि रहेको साडे २ तल्ला घर भाडामा रहेको हुँदा अफिस, आवास तथा गोदामको लागि आवश्यक महानुभावहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

हेटौडा-५, अब्बलडाँडामा रहेको १ तल्ला घर विक्री तथा भाडामा रहेको छ ।

हेटौडा-५, पिप्ले रुद्रेश्वर मन्दिर नजिक रहेको २६ धुर जग्गा बिक्रीमा रहेको हुँदा इच्छुक महानुभावहरुले तुरुन्ठ सम्पर्क गर्नुहोला ।

सम्पर्क नं. ९८५११३२८७४
९८४५०२८४३१

डेंगु रोक्न उपमहानगरको 'स्प्रे' अभियान

साझाकुरा संवाददाता

हेटौंडा, ३० गते/ लामखुट्टेको टोकाईबाट लाग्ने डेंगु रोगको संक्रमण दिनप्रतिदिन बढ्दै गएपछि हेटौंडा उपमहानगरपालिकाले स्प्रे अभियानलाई निरन्तरता दिएको छ ।

उपमहानगरमा दैनिक डेंगु रोगको संक्रमण दर बढ्दै गएपछि त्यसलाई नियन्त्रण गर्न उपमहानगरले स्प्रे अभियानलाई निरन्तरता दिएको हो । नेपारभरि नै तिव्र गतिमा फैलिरहेको डेंगुले हेटौंडामा पनि महामारीको रुप लिइसकेको अवस्था छ । डेंगु रोगको संक्रमण बढेसँगै त्यसलाई नियन्त्रण गर्न उपमहानगरले तदारुकता देखाएको छ । करिब दुई हप्तादेखी नै उपमहानगरलाई डेंगुको संक्रमण नियन्त्रणको लागि सरोकारवालाहरु-सँगको समन्वयमा उपमहानगरको विभिन्न वडामा पुगेर लामखुट्टे नष्ट गर्ने स्प्रे अभियान सञ्चालन गर्दै आएको छ । अहिले सम्म १, २, ३, ४, ५, १८ र १९ नम्बर वडामा डेंगु नियन्त्रणका लागि नगरपालिकाले नियमितरुपमा स्प्रे गर्दै आएको उपमहानगरपालिकाको जनस्वास्थ्य शाखाले जनाएको छ ।

रोगको दर बढ्दै गएपछि हामीले नगर प्रहरीको सहयोगमा स्प्रे अभियानलाई एक महिनादेखि निरन्तर सञ्चालन गरिरहेको नगर प्रमुख मीनाकुमारी लामाले बताइन् । मकवानपुरमा डेंगु संक्रमणको संख्या क्रमशः बृद्धि भइरहेको छ । स्वास्थ्य कार्यालय मकवानपुरका अनुसार बुधबार १ सय २४ जनामा डेंगु संक्रमण पुष्टि भएको हो । संक्रमित हुनेमा सबभन्दा धेरै हेटौंडा उपमहानगरपालिकाका १ सय १४ जना छन् । मकवानपुरगढी गाउँपालिकाका १, थाहा नगरपालिकाका ५, भीमफेदी गाउँपालिकाका १ र मनहरी गाउँपालिकाका ३ जना संक्रमित रहेको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । बुधबार थपिएका १ सय २४ सँगै मकवानपुरमा डेंगु संक्रमितको संख्या १ हजार ३ सय ३१ पुगेको छ । जसमध्ये ५ सय ५७ महिला छन् । पछिल्ला दिनहरुमा तीव्ररुपमा डेंगु संक्रमित बढेका छन् ।

हेटौंडा उपमहानगरपालिका आयुर्वेद तथा जनस्वास्थ्य प्रवर्द्धन शाखाका जनस्वास्थ्य अधिकृत भोला चौलागाईका अनुसार संक्रमण बढ्दै गएपछि लामखुट्टेका लार्भा तथा अन्य जीवाणु नष्ट गर्ने गरी औषधि छुर्कन थालिएको हो । संक्रमण फैलन नदिन जनस्तरमा मट्टीतेल प्रयोग गरी लार्भा नष्ट गर्न सचेतनासँगै बढी जोखिम रहेका क्षेत्रमा उपमहानगरले स्प्रे गर्न थालेको उनले जानकारी दिए ।

संक्रमण फैलिएका वडाको जोखिमपूर्ण क्षेत्र पहिचान गरी आवश्यकतानुसार संक्रमण नियन्त्रण अभियान सञ्चालन गरिने जनस्वास्थ्य अधिकृत चौलागाईले बताए । नगरमा लामखुट्टेको टोकाइबाट हुने डेंगुका बिरामीको संख्या पनि बढ्दै गएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । असार अन्तिमबाट सुरु भएको संक्रमणदर बिस्तारै बढ्दै गएको कार्यालयका सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए । जिल्लाका १० स्थानीय तहमध्ये हेटौंडा उपमहानगरका बजार क्षेत्रमा पर्ने ४ र ५ वडामा बढी बिरामी देखिएको कार्यालयले जनाएको छ । अन्य स्थानीय तहमा केही संख्यामा डेंगु संक्रमित देखिए पनि नगरभित्र देखिनुले समस्या भएको कार्यालयले जनाएको छ ।

बिहीबार मकवानपुरमा ९८ जनामा डेंगु संक्रमण पुष्टि भएको स्वास्थ्य कार्यालय मकवानपुरले जनाएको छ । संक्रमण पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका ९४ जना रहेका छन् ।

यस्तै मकवानपुरगढी गाउँपालिका, बागमती गाउँपालिका, कैलाश गाउँपालिका र मनहरी गाउँपालिकाका समान एक-एक जनामा संक्रमण पुष्टि भएको छ । यसअघि बुधबार जिल्लाको एकसय २४ जनामा डेंगु पुष्टि भएको थियो ।

बुधबार हेटौंडाका एक सय १४ जनामा संक्रमण देखिँदा थाहा नगरपालिकामा ५ जना, मनहरी गाउँपालिकामा ३ जना, मकवानपुरगढी र भीमफेदीमा १/१ जना संक्रमित भएका थिए । मकवानपुरमा मंगलबार मात्रै ९५ जनामा डेंगु संक्रमण पुष्टि भएको थियो । योसँगै जिल्लामा डेंगु पुष्टि हुनेको कुल संख्या एक हजार ४ सय २९ जना पुगेको छ । हालसम्म डेंगु संक्रमणबाट एकजनाको ज्यान गएको छ ।

दुर्घटनामा घाइते मैनालीको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ हेटौंडा-४ घर भएका २८ वर्षीय अमृत मैनालीको सवारी दुर्घटनाबाट मृत्यु भएको छ ।

तीन दिनअघि मोटरसाइकल दुर्घटनामा परी घाइते मैनालीको बिहीबार मृत्यु भएको हो ।

मैनाली २८ भदौमा हेटौंडा-५ शान्तिनगरस्थित भित्री सडकखण्डमा ना ४३ प ८२६८ नम्बरको मोटसाइकल आफै अनियन्त्रित भएर दुर्घटना हुँदा गम्भिर घाइते भएका थिए ।

उनको हेटौंडा अस्पतालमा सामान्य उपचारपश्चात थप उपचारको लागि चितवनको भरतपुर लगिएको थियो । उपचारको क्रममा भरतपुरमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

पहिरोले सिस्नेरी सडकखण्ड अवरुद्ध

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ वर्षाका कारण आएको पहिराले गर्दा मकवानपुरका सिस्नेरी सडकखण्डमा बिहीबार बिहानैदेखि यातायात अवरुद्ध भएको छ ।

जिल्लाको इन्द्रसरोवर गाउँपालिका-३ ज्यामिरेमा खसेको पहिराका कारण उक्त सडकखण्डमा यातायात अवरुद्ध भएको इलाका प्रहरी कार्यालय भीमफेदीले जनाएको छ ।

उक्त पहिरो स्थानीय सर कारको समन्वयमा सडक विभागका प्राविधिकले हटाउने प्रयास भइरहेको र अपराह्नसम्ममा यातायात सञ्चालनमा ल्याउने इलाका प्रहरी कार्यालय भीमफेदीका प्रहरी निरीक्षक प्रतिमा कार्कीले जानकारी दिए । पहिराका कारण हेटौंडा-भीमफेदी हुँदै काठमाडौं जाने छोटो दूरीको मार्ग अएर सञ्चालन हुने साना सवारीसाधन वैकल्पिक सडक प्रयोग गरेर चलिरहेका छन् ।

बर्खायाम लागे सँगै विभिन्न स्थानमा पहिराका कारण यातायात अवरुद्ध हुने गरेको छ ।

यस्तै, काठमाडौं जोड्ने, पूर्वपश्चिम राजमार्ग, त्रिभुवन राजमार्ग, कान्तिराजपथ, कुलेखानी सडकखण्डमा भने यातायात सञ्चालन भइहरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

कृषि विकास सम्बन्धी सुझावसहितको मस्यौदा विधेयक हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ फियान नेपालले बागमती प्रदेशले तर्जुमा गरेको 'प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९' को सुझावसहितको मस्यौदा विधेयक बागमती प्रदेशको कृषि तथा पशुपंछी विकास मन्त्रालयलाई हस्तान्तरण गरेको छ ।

बिहिबार खाद्य अधिकारको क्षेत्रमा कार्यरत विभिन्न नागरिक समाज संस्थाल प्रदेशले तर्जुमा गरेको 'प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७९' अध्ययन गरी उपयुक्त सुझाव सहितको मस्यौदा विधेयक कृषि तथा पशुपन्छी विकासमन्त्री बसुन्धरा हुमागाईं र सचिव डा. शरण कुमार पाण्डेलाई हस्तान्तरण गरेका हुन् ।

फियानका अध्यक्ष गोकर्ण रुपाखेतीले विधेयकमा नागरिकको सुझावसहितको मस्यौदा विधेयक हस्तान्तरण गरिएको बताए । विधेयक ग्रहण गर्दै कृषिमन्त्री हुमागाईंले तुरुन्तै द्रुतमार्ग अपनाई अध्यादेशमार्फत सो विधेयक पास गर्ने बताए । उनले समग्र कृषक र कृषि पेशा अपनाउने वर्ग र समुदायको खाद्य सुरक्षा सुनिश्चित गर्ने प्रतिबद्धता जनाए । मन्त्री हुमागाईंले विधेयकको सैद्धान्तिक अनुमतिको लागि प्रदेश अर्थमन्त्रालयमा पठाइसकिएको र सो सहमतीपश्चात आन्तरिक मामला तथा कानून मन्त्रालयको सहमती र राय लिएर ऐन पारित हुने बताए ।

मस्यौदा हस्तान्तरण कार्यक्रममा संविधान सभा सदस्य राजाजाम स्याङतान, फियान नेपाल, गैर सरकारी संस्था महासंघ नेपालका केन्द्रीय सचिव, गैसस बागमती प्रदेशका अध्यक्ष, राष्ट्रिय कृषक समूह महासंघका (मकवानपुर) जिल्ला अध्यक्ष, खाद्य अधिकार जिल्ला सञ्जालका सदस्यहरु, सामुदायिक वन उपभोक्ता महासंघका जिल्ला (मकवानपुर) अध्यक्षलगायतको उपस्थिति रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरु:

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

१४ नम्बर वडा उपमहानगरकै उत्कृष्ट

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ हेटौंडा उपमहानगरपालिकाको वडा नम्बर १४ उत्कृष्ट वडा बनेको छ ।

उपमहानगरको १९ वटा वडामध्ये १४ नम्बर वडा उपमहानगरकै उत्कृष्ट वडा बनेको हो । आव २०७८/०७९ को विकास निर्माण कार्य सम्पादनमा हेटौंडा उपमहानगरको मुल्यांकनमा १४ नम्बर वडा प्रथम भएको छ भने १५ नम्बर वडा दोस्रो भएको छ । प्रथम हुने वडाले नगद २० लाख रुपैयाँ र दोस्रो हुने वडाले १५ लाख नगद पुरस्कार प्राप्त गर्नेछन् ।

बिहीबार उत्तरपानीमा बाटो स्याल्ब ढलानको उद्घाटन गर्दै हेटौंडा उपमहानगरपालिकाका उपमेयर राजेश बानियाँले कार्यसम्पादनमा उत्कृष्ट वडा बन्न सफल भएकोमा बधाई दिए ।

उनले आगामी दिनमा पनि कार्यसम्पादनलाई यहि गतिमा निरन्तरता दिन बानियाँले आग्रह गरे ।

उपमहानगरमा विकास निर्माणको कार्यसम्पादनमा उत्कृष्ट वडा घोषित भएपश्चात् हेटौंडा-१४ का वडा अध्यक्ष दीपक खड्काले विकास निर्माणको काममा लागि पर्न झन ऊर्जा थपिएको बताए । उनले वडाबासीको समस्याहरु समाधानसँगै विकास निर्माणमा आफ्नो दोस्रो कार्यकालमा वडाको विकासमा थप जोड दिने बताए ।

साझाकुरा

हाम्रो कुरा

सुकुम्बासी बन्नबाट रोकौं

हेटौंडामा यतिबेला सडक विस्तारका विषयले चर्चा पाइरहेको छ । सडक विस्तारको चर्चा भने नयाँ हैन् । करिब २० वर्ष अघिदेखि नै हेटौंडाको मुख्य सडक विस्तार गर्ने विषयले स्थान पाइरहेको छ । तर, हालसम्म सडकले नयाँ रुप लिन पाएको छैन् । राष्ट्रिय राजमार्गसँग जोडिएको नगरको मुख्य सडक साँघुरो भएको तथ्य साँचो हो । हेटौंडामा राष्ट्रियस्तरको कुनै कार्यक्रम भए मात्रैपनि यहाँका सडक जाम हुन्छन् । त्योमाथि अत्याधिक अटो, मयुरीले पनि सडकलाई साँघुरो बनाइरहेको छ । साँघुरा सडकके कारण उचित रुपमा ट्राफिक व्यवस्थापन हुन सकेको छैन् ।

सवारीसाधन यत्रतत्र पार्किङ गरी राखिएको हुन्छ । हेटौंडा प्रदेश राजधानी भएपछि सवारी चाप बढेको छ । यसकारण स्वभाविकै सडक फराकिलो पार्नुपर्ने विषय उठान भइरहने नै भयो । तर, सडक विस्तारको नाममा पछिल्लो समय नगरबासी त्रसित छन् । राजमार्गसँग जोडिएका घरघनीहरु कहिले डोजर चल्छ भन्ने त्रासमा बसेका छन् । यसअघि नै डिभिजन सडकले डोजर चलाइसकेकाले कुनबेला डोजर आउने हो कुनै अत्तोपत्तो उनीहरुलाई छैन् । यसमाथि सडक विस्तारमा राजनीतिकरण भइरहेको छ । निर्वाचन नजिकिएसँगै हेटौंडाको सडक विस्तारले स्थान पाएको छ । नेताहरु हालको सडकबीचबाट दायाँबायाँ १६-१६ मिटर तथा २५-२५ भत्काउनु पर्ने मुद्दा लिएर हिँडिरहेका छन् । यद्यपि, यी दुई मुद्दा बोक्ने मध्ये फाइदा कसले पाउँछ त्यो निकट भविष्यमै थाहा होला । तर, राजमार्ग क्षेत्रका नागरिकले भने फाइदा हैन, घाटा व्यहोर्नु पर्ने स्थितिमा छन् । ३२ मिटर सडक भत्काए मआब्जा नचाहिने भन्दै उद्योग वाणिज्यसँग शक्ति केन्द्र धाइरहेको छ । अर्को पक्ष २५ मिटर भत्काउनु पर्ने र मुआब्जा पनि दिनुपर्ने विषयमा केन्द्रित छन् । संघले २८ भदौमा मुख्यमन्त्री राजेन्द्र पाण्डे र उनीमार्फत प्रधानमन्त्री शेरबहादुर देउवालाई बुझाएको ध्यानाकर्षण पत्रमा पनि ३२ मिटर भत्काए मुआब्जा नचाहिने उल्लेख छ । तर, जानकारहरुका अनुसार १६ मिटर भत्काउँदा पनि कतिपय सुकुम्बासी हुनसक्ने बताउँछन् । यसकारण २५ मिटर सडकलाई दिएर उचित मुआब्जा लिनुपर्नेमा कतिपयको जोड छ ।

सडक ऐन, २०३२ का अनुसार राजमार्गको सडक ५० मिटर फराकिलो हुने उल्लेख हुनु र एसिइन हाइवेको डिजाइनमा परिवर्तन आउन नसक्ने विषयले नगरबासीहरु चिन्तित छन् । अब यी दुविधाका विषयमा हेटौंडा उपमहानगरपालिकाले सहजीकरण गर्नुपर्ने देखिएको छ । उपमहानगरपालिकाले अभिभावकत्व लिँदै राजमार्ग क्षेत्रका बासिन्दाको अधिकार संरक्षणमा ध्यान दिनुपर्छ । सडक विस्तारका नाममा स्थानीयलाई सडकमा ल्याउने कार्य मानवअधिकार विपरित हुन्छ । जसकारण उचित मुआब्जासँगै सजह डंगबाट सडक विस्तार गर्न उपमहानगरपालिकाको भूमिका प्राथमिकतामा छ । भौतिक विकासको महत्वपूर्ण पक्ष सडक विस्तारलाई ध्यानमा राखेर स्थानीयहरु सुकुम्बासी हुनुपर्ने अवस्था आउन नदिन जिल्लास्थित राजनीतिक दलहरु र उपमहानगरपालिकाको भूमिका महत्वपूर्ण हुनुपर्छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरू

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५१५५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४४१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३१
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बङबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बाहुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ असोज ०१ गते शनिबार १७ सेप्टेम्बर २०२२ । आश्विन कृष्णपक्ष सप्तमी । अलगा ११४२ ने.सं. । सूर्योदय ५:५०, सूर्यास्त ६:०५ । विश्वकर्मा पुजा/महालक्ष्मी व्रत समाप्ति ।

आजको राशिफल

मेष	: सुखभोगको समय रहेकोछ	तुला	: समय पूजापाठमा बित्नेछ
वृष	: आर्थिक लाभ मिल्नेछ	वृश्चिक	: व्यापारबाट फाइदा हुनेछ
मिथुन	: मनलाई नियन्त्रण गर्नुपर्नेछ	धनु	: नयाँ काम गर्न जागर आउनेछ
कर्कट	: आफन्तको सहयोग मिल्नेछ	मकर	: बोल्दा विचार पुऱ्याउनु पर्नेछ
सिंह	: यात्राको लागि राम्रो समय छ	कुम्भ	: रिसाउने बानीले हानि पुग्नेछ
कन्या	: सोचेजस्तो सहयोग मिल्नेछैन	मीन	: सामाजिक काममा रुचि बढ्नेछ

संविधानमा प्रहार



✍ कुलचन्द्र वाग्ले

संविधान दिवस नजिकै छ । केहीले अनुमान गरेजस्तै संविधानबमोजिम राष्ट्रपतिले नागरिकतासम्बन्धी विधेयक प्रमाणित गर्नेछिन् र नेपाली आमाबाबुका अनागरिक छोराछोरीलाई नागरिकता वा नेपाली हुन पाउने खुसी र अधिकार यही अवसरमा दिनेछन् ।

संविधान दिवस नजिकै छ । असोज ३ गते संविधान दिवसमा राज्यको तर्फबाट औपचारिक कार्यक्रम होला । विसं २०७२ सालमा घोषित वर्तमान संविधान जननिर्वाचित संविधान सभाले बनाएको मुलुकको पहिलो मूल कानुन हो ।

यस दिन राष्ट्रपति, प्रधानमन्त्रीलगायत प्रतिपक्षी दलका नेताहरुले शुभकामना देलान् । संविधानको बखान, व्याख्या गर्लान् । केही कोणबाट बदख्वाईं होला । सत्तरी वर्षे अवधिमा सातौं संविधानको अभ्यासलाई शुभकामना दिने लहरका उल्लिखित प्राय: सबै पदासीनहरु संविधानमाथि छिद्रान्वेषी प्रहार गर्न जोगिएको भने देखिँदैन ।

संविधानको संरक्षक भनिने राष्ट्रपति स्वयं बारम्बार संविधानप्रति प्रहार गर्न उद्यत देखिएकी छन् । यसअघिका प्रधानमन्त्री तथा अहिलेका प्रमुख प्रतिपक्षी दलका नेता केपीशर्मा ओलीले संविधानमाथि निर्मम प्रहार गरेको र प्रतिगामी प्रयास गरेको आरोप खेपेकै हुन् ।

अहिलेको सरकारी सत्ता घटकमध्येका एक नेता पुष्पकमल दाहाल संविधानमाथि छिद्रान्वेषी प्रहार गर्नेमा नम्बर एक नै हुन् । त्यसैले उनी निरन्तर सपना देख्छन्- प्रत्यक्ष निर्वाचित शक्ति सम्पन्न राष्ट्रपतिको । जनताले बनाएको वर्तमान संविधानले संसदीय शासन प्रणाली कायम गरेको छ । यो बेला प्रत्यक्ष निर्वाचित प्रमुख कार्यकारीको प्रस्ताव जन्ढेषी हो ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष दाहालको सपनाको एकाधिकार शक्ति प्रयोक्ता राष्ट्रपति संविधानविरुद्धको आग्रह हो । उनी नै कहिले काहीं आफूले चलाएको हिंसायुद्धको परिणाम संविधान सभाले संघीय, लोकतान्त्रिक, गणतन्त्रात्मक तथा धर्मनिरपेक्ष संविधान बनाएको सगौरव जस लिने उद्घोष पनि गर्छन् । तर, यस्ता आग्रह वा संविधानप्रतिको दुराग्रहको भावी गन्तव्य जनघाती परिणाममा पुग्नेछ । लोकतान्त्रिक संविधानको उपज राष्ट्रपति नै संवैधानिक प्रावधानमा छिद्रान्वेषण गर्ने र अड्को थाप्ने हाम्रै सामुको उदाहरणले बताएको छ- एकाधिकारवादी राष्ट्रपति यस मुलुकका लागि कस्तो 'घातक' होला ? थप बताइरहनु परेन ।

यस विषयमा तराई मधेसमा बढी क्रियाशील दलहरु बरु स्पष्ट छन् । सुरु दिनमा संविधानको ध्रुवाँधार विरोध गर्ये यिनीहरु । समयक्रम र अभ्यास अनुभवले मधेस केन्द्रित दलहरुको आग्रह संविधान संशोधनको स्वाभाविक अडानमा कायम हुन पुगेको छ । संशोधन अन्यथा होइन, संविधानको गतिशीलता पनि हो । संशोधन नागरिक अपेक्षा सम्बोधन गर्ने प्रगतिशील उपाय पनि हो ।

राष्ट्रपति विद्यादेवी भण्डारीले दोस्रो कार्यकालमा 'आफ्नै पार्टी' नेकपा (एमाले)का नेता केपीशर्मा ओली प्रधानमन्त्री बनेपछि उनका सबै सिफारिस दूरगतिमा स्वीकृति दिइन्, प्रमाणित गरिन् । त्यतिबेला शीतलनिवासले एउटै तर्क दियो- मन्त्रिपरिषद्को निर्णयबमोजिम भएको प्रधानमन्त्रीको सिफारिसलाई स्वीकृति दिनु राष्ट्रपतिको संवैधानिक दायित्व हो, संविधानको संरक्षण पनि ।

राष्ट्रपति र प्रधानमन्त्री शर्मा ओलीको सहकार्यले उत्पन्न दम्भको परिणाम ओली नेतृत्वको सरकार विस्थापित भयो । सँगै पाँच दल सम्मिलित सरकार बन्यो । अनि पटकपटक राष्ट्रपतिको संवैधानिक भूमिका फेरिएको अनुभूति दिने व्यवहार प्रदर्शित हुँदैछ ।

उदाहरण तत्कालीन प्रधानमन्त्री ओलीले दुई पटकसम्म प्रतिनिधिसभा विघटनको सिफारिस गरे । त्यतिबेला राष्ट्रपतिलाई कुनै कानुनी परामर्श चाहिएन । कुनै अन्य दल र तिनका नेतासँग छलफल गरिएन । सडकको आवाज पनि महत्त्वहीन बनाइयो । रातारात विघटन सदर गरियो र उही तर्क दिइयो- संविधानले तोकेको दायित्व यही हो । ओली नेतृत्वले सिफारिस गरेको नागरिकतासम्बन्धी अध्यादेश पनि हुबहु प्रमाणित गरियो । भनियो, अध्यादेश फिर्ता गर्ने अधिकार राष्ट्रपतिलाई हुँदैन । सही हो । तर स्वयं प्रधानमन्त्रीसँग यस विषयमा आन्तरिक छलफल गर्न संविधानले रोकेको थियो र ? जोखिम भए आन्तरिक परामर्श हुन सक्थेन र ?

ओलीका पालामा प्रस्तुत अध्यादेश जस्ताको तस्तै नागरिकता सम्बन्धी विधेयकका रुपमा संसद्बाट पारित गर्दा भने उनै राष्ट्रपति संविधानमा छिद्रान्वेषण गर्न लागेको देखिँदैछ । दुवै सदनले पारित गरेको नागरिकतासम्बन्धी विधेयक संविधानको अधिकारबमोजिम राष्ट्रपतिले प्रतिनिधि सभामै फिर्ता गरिन् । ठिकै भनियो । यो अधिकार संविधानले नै राष्ट्रपतिलाई दिएको छ ।

संविधानअनुसार नै पुन: सो विधेयक दुवै सदनले पारित गरेर प्रमाणीकरणको निम्ति सभामुखले राष्ट्रपतिसमक्ष प्रस्तुत गरे । अब विधेयक रोक्ने अधिकार त संविधानले राष्ट्रपतिलाई दिएको छैन नि । अनेक बहाना र अनपेक्षित सल्लाह, परामर्शको नाममा विधेयक रोक्ने चेष्टा किन वा कुन अधिकारबमोजिम हुँदैछ ? राष्ट्रपतिको प्रमुख सल्लाहकार को हो ? सरकार वा प्रधानमन्त्री नै होलान् नि ?

सबैभन्दा गलत अभ्यास राष्ट्रपतिले यस विधेयकको सम्बन्धमा प्रधानसेनापति समेत पूर्वसैनिक जर्नेलहरु गुहार्नु हो । यस्तो अभ्यास संविधान र नागरिक दुवैको हितमा छैन । यी दुवैको हित नहुने अभ्यास राष्ट्रको हितमा हुन्छ भन्ने पनि मानिँदैन ।

सेनाको सुरक्षा सीमा र परिधि छ । राष्ट्रिय सुरक्षा सैनिक दायित्व हो, राजनीतिक होइन । सेनालाई बलजफ्ती राजनीतिमा तानियो भने त्यसको परिणाम के हुन्छ ? दुनियाँको धेरै ठाउँमा देखिएकै छ । पदासीनहरुको आँखा झन् बढी खुल्नुपर्ने हो । राष्ट्रपतिको यस्तो कृत्यको सन्देशात्मक परिणाम के हो ?

एउटा प्रावधान प्रयोग गरेर विधेयक फिर्ता गर्नु संविधान प्रदत्त अधिकार वा संविधानको संरक्षण बताइने । त्यही संविधानको अर्को प्रावधानलाई कुल्चेर उही विधेयकप्रति अनेक अड्को र तर्क झिक्नु संविधानको संरक्षण हो कि, अधिकार ? यति सामान्य बुद्धि पनि शीतलनिवाससँग छैन र ?

कानुनवेत्ताहरु भन्छन्- नागरिकतासम्बन्धी प्रस्तुत विधेयक २०६३ को कानुन अनुसारकै हो र ओलीले जारी गराएको अध्यादेशको जस्ताको तस्तै । यो विधेयक कानुन बने आमाबाबु नेपाली नागरिक तर छोराछोरी अनागरिक रहेको अवस्थालाई समाधान गर्ने हो । नेपालीका छोराछोरीलाई नेपाली नागरिकता दिन किन आपत्ति ? विधेयक वा कानुनको जस, अपजस त सरकारले लिने हो, राष्ट्रपतिले त लिने होइन नि । कमजोरी भए दोष सरकारले लिन्छ, जनताबाट दण्डित हुन्छ ।

प्रस्तुत विधेयक कानुन बन्न राष्ट्रपतिले प्रमाणित गर्नुपर्छ । विधेयक कानुन बने पहाड, हिमाल र अधिक तराईमधेसमा गरी झन्डै डेढलाख नेपाली बाबुआमाका चार लाख पचास हजार जति अनागरिक छोराछोरीले नेपाली नागरिकता पाउने बताइन्छ । एउटा गहन समस्या समाधान हुनेछ ।

वैवाहिकलगायत अन्य नागरिकताको विषयमा यो विधेयकले बोलेको छैन । यी विषयमा सहमति, संशोधन गरेर सम्बोधन गर्ने अवसर छ । आगामी दिनमा गर्नु पनि पर्छ र सरकारले पनि यो कुरा भनेकै छ, मानेकै छ ।

एमालेले अड्को नथापेको भए समाधान सहज हुन्थ्यो । राष्ट्रपतिले पनि विधेयक प्रमाणित गर्न वा नगर्न संवैधानिक छिद्र खोज्ने थिइनन् होला । संविधानअनुसार भइजान्थ्यो । संविधान विरोधी कामको थालनी एमालेको अड्कोले गरेको हो कि ?

नागरिकतासम्बन्धी विधेयकको विषयमा सदासत्तै तराईवासीतिर औंला तेर्स्याएर छद्म राष्ट्रवादको खेल खेलिँदैछ । तर, आफ्नो नेपाली भूमि बचाउन केही वर्षअघि तिलाठीमा कहाँको नेपाली मरेको थियो ? त्यस्तै कञ्चनपुरतिर कुन नेपालीले सीमा जोगाउन आफूलाई आहुति दिएको हो ? राष्ट्रवादको राजनीति गर्नेहरुलाई हेक्का होला नि ? ती तराईमधेसकै बासिन्दा थिए । दक्षिणी सीमाभूमिको सादा पोसाकका रक्षक सिपाही त तिनै तराईका नेपाली हुन् ।

यति भनिसकेपछि 'किम् अधिकम् ?' संविधानले दिएको पद, प्रतिष्ठा, सेवा, सुविधा उल्लिखित सत्ता सम्भ्रान्त सबैले थपीथपी, बोंडीचुँडी लिएकै छन् । नैतिकता प्रतिकूल यिनीहरु नै आआफ्नै कोण र जोडबाट संविधानमाथि प्रहार गर्न उद्यत पनि छन् । व्यवहारमा त्रुटि होलान् तर नेपाली कांग्रेस र नेकपा (एकीकृत समाजवादी) संविधानको विषयमा अरुभन्दा सजग र सन्तुलित सुनिन्छन् । तैपनि प्रश्न छ - दलहरुको नेतृत्वमा जनताले बनाएको संविधानको पूर्ण स्वामित्व लिन को कति प्रतिबद्ध तयार छन् ?

संविधान दिवस नजिकै छ । केहीले अनुमान गरेजस्तै संविधानबमोजिम राष्ट्रपतिले नागरितासम्बन्धी विधेयक प्रमाणित गर्नेछिन् र नेपाली आमाबाबुका अनागरिक छोराछोरीलाई नागरिकता वा नेपाली हुन पाउने खुसी र अधिकार यही अवसरमा दिनेछन् । मुलुकलाई संवैधानिक सहज बाटो दिनेछन् । अन्यथा, संवैधानिक दुर्घटना निम्तिने छ । *- साभार: बाह्रखरी*

दलीय गुट, गठबन्धन र निसासिएको लोकतन्त्र

✍ भेषराज घिमिरे

जिउँदो समाजमा द्वन्द्व, संवाद र निचोड नियमित प्रक्रिया हुन् । जहाँ समाज छ त्यहाँ राजनीति हुन्छ । समाजले राजनीतिमा संवादको थालनी गर्छ । समाज र समग्र सामाजिक गतिविधिलाई एउटा पद्धतिमा हिंडाउने राजनीतिलाई पृष्ठभूमि भने समाज नै पहिलो एकाइ हो । यहाँनिर समाजको लागि राजनीति या राजनीतिको लागि समाज भनेर चिनियाँ पर्खाल लगाउन आवश्यक छैन । दुवै एक अर्कोमा यति परिनभेर छन् कि एउटाको अनुपस्थितिमा अर्को भूमिकाविहीन हुन्छ । तसर्थ एउटा निचोड के हो भने समाजको हित अनुकूलित राजनीति मात्र टिकाउ हुन्छ । नेपाली लोकतन्त्रको यात्रा २००७ सालबाट सुरु भएर विभिन्न आरोह र अवरोहबीच अहिलेसम्म करिब ७२ वर्ष भएछ । झण्डै यो लोकतन्त्र भन्दा १० वर्ष जेठो नेपाली कांग्रेसको इतिहास रहेको छ । नेपाली कांग्रेसको आफ्नो मौलिक छवि र नीतिका कारण यो दल नेपालको दलीय व्यवस्था सबैभन्दा प्रभावशाली र ठूलो दलको रूपमा अहिलेसम्म स्थान सुरक्षित गरेको छ । यस मानेमा यो नेपाली कांग्रेसप्रति आम जनविश्वास रहेको पाइन्छ ।

नेपाली कांग्रेसभित्र बीपीको पालादेखि नै गुटहरू निर्माण हुने र भत्कने क्रम चलेको हो । अहिलेसम्म निरन्तर चलिरहेको छ । राजनीतिक क्षेत्रमा के कुरा स्वीकार गरिन्छ भने जीवन्त पार्टीहरूमा गुटहरू निर्माण हुनुपर्छ । यसले पार्टीको जीवनलाई भनै सशक्त बनाउन मद्दत पुऱ्याउँछ तर गुटहरू स्थायी भने हुनुहुँदैन । पूर्व प्रम गिरिजाप्रसाद कोइरालाको पालादेखि भने गुटहरू स्थायी रूपमा निर्माण भएको हुने र यी यस्ता स्थायी गुटहरूले पार्टीको आन्तरिक जीवनलाई चलायमान बनाउन भन्दा पनि विग्रह तथा विघटनको दिशातर्फ उन्मुख हुन प्रेरित गर्छन् ।

केही हदसम्म कृष्णप्रसाद सिटौला, रामचन्द्र पौडेल तथा प्रकाशमान सिंहले स्थायी गुटलाई भत्काएर पार्टी विभाजनबाट रोक्नलाई महत्वपूर्ण भूमिका निर्वाह गरे । तर यो यथार्थलाई केही व्यक्तिहरूबाट अवसरवादी विचार भनी प्रचार गरिएको पाइन्छ । नेपाली कांग्रेसमा गिरि जाबाबुको एकल निर्णयको प्रभावका कारण देउवा गुटको स्थापना भएको र अहिलेसम्म देउवा गुटको प्रभाव बढ्नुमा पनि हिजोको कोइराला परिवारको वरिपरि मात्र घुमेको नेपाली कांग्रेसको राजनीति प्रमुख कारक हुन आउँछ । पार्टीभित्र शेखर गुट प्रभावशाली हुन नसक्नुको पछाडि एउटा कारण गिरिजाबाबुको छायाँ र अर्को स्वयं शेखर कोइरालाको प्रतिक्रियात्मक गतिविधि नै हो । डा. शेखर कोइराला स्वस्थ, निडर, जोशिलो, देशदर्शनमा रुचि राख्ने हुँदाहुँदै पनि उनको भूमिका पार्टीमा सशक्त हुन सकेन । उनले कांग्रेसको नीति, कार्यक्रम र सरकारको कार्यक्षेत्र बीच भेद छुट्याउन सकेका छैनन् ।

सरकारको क्रियाकलापलाई सुझाव दिने गरी ठूलो छाती उनमा छैन । केवल सरकार त्यो पनि आफ्नो सरकारको जे जे निर्णय हुन्छन् त्यसको प्रतिक्रियात्मक दृष्टिकोण मात्र उनले स्थायी रूपमा सम्प्रेषण गर्दै आएको पाइन्छ । अरूको आलोचना गर्ने काम ज्यादै सजिलो हुन्छ तर सही सुझाव दिन ठूलो छाती चाहिन्छ । उनमा सम्पूर्ण कुरा एउटा नेतृत्वमा हुनुपर्ने हुँदाहुँदै पनि आफ्नो हलुका टिप्पणी गर्ने स्वभावका कारण उनलाई उनकै गुटभित्रका केही प्रभावशाली नेताहरूले अन्तरमनदेखि टिमको मुख्य नेता भनी आदरभाव र स्वीकार गर्न सकेका छैनन् ।

अर्कोतर्फ संस्थागत गुटको एउटा बलियो खम्बा हालका पार्टी सभापति तथा वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा नै हुन् । उनको संगठन र गुट व्यवस्थापनको अनौठो शैली छ । उनले विश्वास गर्नेलाई धोका दिएको विरलै उदाहरण भेटिएलान् । गुट खेलाउन सक्ने माहिर खेलाडी उनी हुन् । तर उनको विरासत पछि त्यस्तो प्रभावशाली व्यक्ति जसलाई सबैले स्वीकार गरोस्, त्यो भने खडेरी नै छ । सायद देउवाकै स्वभाव भएका बालकृष्ण खाँण या पूर्णबहादुर खड्का या कसले बाजी मार्ने हो, त्यो भने उनीहरूकै भूमिकाको प्रभावकारितामा निर्भर गर्ला । संसदीय निर्वाचनको मतपरिणाम कसरी प्रकट हुन्छ, त्यसले पनि पार्टीभित्र को बलियो हुने भन्ने कुराको केही संकेत भने अवश्य गर्नेछ । नेपाली कांग्रेसभित्र अझै धेरै अवसरवाद, व्यक्तिवाद र परिवारवादको राजनीति झाँगिँदै गएमा यो पार्टीप्रति रहेको जनविश्वास गुम्ने खतरा ज्यादै देखिन्छ । कांग्रेसको कुनै नेता जित्ने र हार्ने भन्दा पनि समग्र लोकतन्त्रको भविष्य संकटमा पर्नेछ र नेपाल विभिन्न विचारको प्रयोगशालामा रूपान्तरण हुने हो कि भनेर चिन्ता गर्न बाँकी छ ।

गठबन्धनको सकस

यो पंक्तिकारले पटक-पटक उठाएको सवाल के हो भने जित्नैकै लागि खेलको सर्वमान्य सिद्धान्तहरू फेर्नुहुँदैन । लोकतन्त्रमा आवधिक निर्वाचन अनिवार्य शर्त हो । निर्वाचनकै माध्यमबाट सत्ता प्राप्ति, निर्माण र पार्टीको नीति कार्यान्वयन सम्भव छ तर गठबन्धन जसरी अपरिहार्य भनी नेपाली कांग्रेसको संस्थापन पक्ष लागेको छ, यसको असर स्वयं पार्टीको आन्तरिक जीवनमा मात्र होइन लोकतन्त्रका मूल्यमान्यतासम्म पर्ने निश्चित नै छ ।

गठबन्धन त्यतिबेला मात्र जायज हुन्छ जतिबेला सरकार निर्माणको लागि गणितीय संख्याको आवश्यकता पर्छ र त्यसको लागि सरकारका न्यूनतम नीति र कार्यक्रममा सहमति निर्माण हुन्छ । त्यो एउटा आधारशिला हो । तर सिद्धान्तत: एकअर्काका वर्गीय शत्रु, लोकतन्त्रलाई रणनीतिको रूपमा लिएका, आफैं अस्थिरताको घर भएका, करणी र कथनीमा ठेगाना नभएका दलहरूसँग यसैगरी गठबन्धन हुने हो भने कांग्रेसभित्रको लोकतन्त्र र मौलिकता नाश हुन्छ ।

राजनीतिमा विवेक प्रयोग गर्न निर्बाध रूपमा पाउनुपर्छ तर गठबन्धनले जनताको स्वतन्त्र विवेकलाई अपहरण गरी जबरजस्ती चुनाव जित्ने रणनीति बनाएको छ । यो कांग्रेसकै निरन्तरतामा पनि ठूलो प्रश्नचिफन हो । यसलाई मलजल गर्ने संस्कृतिको विकास गर्ने हो भने लोकतन्त्रलाई राजनैतिक सिन्डिकेटले ट्रयापमा पार्नेछ र बलिया तथा धनीहरू शासक बन्नेछन् भने जनता भनै निरीह बन्नेछन् ।

यो कुरा माओवादीभित्र पनि लागू हुन्छ किनकि विसर्जनवादी पार्टी भयो भन्दै यो नयाँ-नयाँ पार्टीहरू जन्मिँदै, छुट्टिँदै र विस्तार हुँदै गएको देखिन्छ । स्वयं विप्लवका पछाडिको शक्ति भनेकै नेकपा माओवादी पार्टीको मौलिक चरित्रमा आएको विसर्जनको प्रतिफल हो । हिजो चुनाव जितेर संसदमा आएका, विभिन्न पदमा पदासीन, पारिवारिक पृष्ठभूमि गतिलो भएका र चुनावी खर्चलाई सजिलै जोहो गर्न सक्ने क्षमता भएका अझ स्पष्ट भन्ने हो भने ठेकेदारहरूको भूमिका देखिएकाहरू गठबन्धनले उम्मेदवार बनाउन पहिलो रोजाइमा राख्नेछ । अहिले एक किसिमको शब्दावली व्यापक रूपमा प्रयोग गरिँदै आइरहेको देखिन्छ, प्रचण्ड होस् या ओली या देउवा, सबैले चुनाव महङ्गो भयो भनिरहेका छन् । तसर्थ यसको सामना गर्न जो-कोहीलाई पनि मुश्किल छ । अर्थात् उनीहरूको भित्री आशय के हो भने राजनीति सर्वसाधारण र इमानदार व्यक्तिको पहुँचको विषय होइन । चुनावमा धेरै खर्च हुन्छ त्यो जुटाउन जो-कोहीले सक्दैन । तर के अब राजनीति अर्बपतिको रथ हो ? यसमा इमानदारी नै हुँदैन ? राजनीतिमा देखाउने र वास्तविक दाँत फरक-फरक हुन्छन् ? हेक्का होस् । यो गठबन्धनलाई सिट बाँडफाँट मात्र होइन पार्टीभित्र टिकट वितरणमा धेरै ठूलो समस्या छ । त्यसले आमनिर्वाचनमा ठूलो अर्थ राख्नेछ ।

धन-सकास

लोकतन्त्रको आयु भोकतन्त्रको व्यवस्थापनसँग जोडिएको छ । लोकतन्त्रको आयु जातीय, रंगभेद तथा धार्मिक व्यवस्थापनसँग जोडिएको छ । यो समय सवालहरू उठान गर्ने अर्थात् लोकतन्त्रको समय हो । जहाँको लोकतन्त्रले सीमित स्वार्थको प्रयोजनार्थ कार्य गर्छ भने लोकतन्त्रको दिगोपना रहँदैन । जहाँका शासकहरू आम नागरिक भन्दा भिन्न भएको व्यवहार गर्छन् भने त्यहाँको व्यवस्थाको परिवर्तन अनिवार्य छ ।

संसारभरिका कम्युनिस्टका गुरु कार्ल मार्क्सले बताएको सार के हो भने विभेद नै क्रान्तिको प्रमुख कारक हो । तसर्थ कम्युनिस्टहरू आफूलाई क्रान्तिकारी भन्छन् तर स्वयंको वर्ग रूपान्तरण हुँदा जनताको किन हुन सकेन भनी बुझ्ने प्रयत्न नै गर्दैनन् । उनीहरूको आफू सर्वहारा हौं भनी सुगारटाइ गर्छन् । तर व्यवहार हेर्दा उनीहरूले क्रान्तिलाई भ्रान्तिमा रूपान्तरण गरिरहेका छन् । छलछामको राजनीति गरिहेका छन् र नेपालको सन्दर्भमा पनि त्यही नै हो ।

जनताले सवाल गर्न पाउनुपर्छ । नागरिक आवाजलाई बन्द गरिएको समाजमा रूपान्तरण होइन विस्फोटन नै हुन सक्छ । नेपालका पार्टीहरू पारदर्शी छैनन् । चरम स्थायी गुटको बिगबिगी छ । परिवारवाद मौलाउँदैछ । नेताहरू नवधनाढ्य वर्गमा परिणत भइरहेका छन् । जनताको सवाल छ- लोकतन्त्रको परिभाषा के विभेद हो ? लोकतन्त्रले झुपडपट्टीको बास बस्न सक्दैन ? चुनावको खर्च जनताको मत किन्नकै लागि किन ? सामाजिक रूपान्तरण नभई किन नेतृत्वमा मात्र आर्थिक रूपान्तरण कसरी भयो ? राजनीति के पेशा हो ? हो भने व्यापार व्यवसाय के हो ? संविधान समाजवाद उन्मुख तर शिक्षा, स्वास्थ्य ठेकेदारको तजविजीमा छोडियो किन ? माइक्रोबसदेखि हवाईजहाजसम्म नेताहरूकै लगानी कसरी ? दिगो विकास भनेको के नेतृत्वको विकास मात्र हो ?

हो, यस्ता सवालहरू आसन्न निर्वाचनका क्रममा युवा सोच र विचार भएका पंक्तिबाट आउनेछन् र आउनुपर्छ । त्यसको लागि जो जो चुनावमा आउँदैछन्, कृपया उत्तर दिने हैसियतमा आउनु उत्तम हुनेछ । *-साभार: अनलाइनखबर*

'भिँगेदाउ'को विदेश राइट्स: पहिला किन्ने भएनन्, अहिले हानाथाप

काठमाण्डौ/ यस वर्षको 'क्लिन हिट' फिल्म 'भिँगेदाउ'लाई प्रदर्शनपूर्व विदेशका विभिन्न ठाउँमा बेच्न निर्माता तथा निर्देशक ज्ञानेन्द्र देउजाले ठूलै कसरत गरेका थिए । किनकि, विदेश राइट्सबाट फिल्मको लगानीको ठूलो हिस्सा उठ्ने गरेको छ । तर, देउजाको फिल्म किन्न ठूला देशका नेपाली वितरक राजी भएनन् । नेपालमा फिल्म हिट भएपछि भने यतिबेला विदेश राइट्स किन्न हानाथाप चलेको छ ।

नेपालमा बोरामा पैसा बटुलिरहेको 'भिँगेदाउ'को हालै अमेरिका र अष्ट्रेलिया राइट्स महंगो मुल्यमा बिक्री भएको छ । अमेरिका र अष्ट्रेलियामा गरी कूल ५५ लाख रुपैयाँमा फिल्मको प्रदर्शन अधिकार बिक्री भएको हो । प्रतिक सुवेदीले अमेरिका र हरी मल्लले अष्ट्रेलिया प्रदर्शन अधिकार लिएका हुन् । अमेरिकामा भोली शुक्रवारबाट र अष्ट्रेलियामा दशैं आसपासबाट फिल्म प्रदर्शन हुनेछ ।

नेपालमा फिल्म चलेपछि विदेशबाट राम्रो माग आइरहेको निर्देशक देउजाले बताए । 'मैले प्रदर्शन अगाडि विभिन्न देशमा फिल्म बेच्न प्रयास गरेको थिएँ । तर, कसैले विश्वास गरेनन् । अहिले धेरै देशबाट माग आइरहेको छ । पहिला केही देशमा फिल्म बेचें । अहिले फिल्मको डिमान्ड देखेर किन हतारमा बेचेछु भन्ने लागिरहेको छ । फिल्मको डिमान्ड देख्दा खुसी लागेको छ,' उनले भने । बलियो 'वर्ड अफ माउथ'ले फिल्मको दोस्रो हप्तामा पनि राम्रो व्यापार छ । मल्टीप्लेक्सहरुमा उच्च शो पाएको फिल्मले पारिवारिक दर्शकलाई आकर्षित गरेको छ । एक परिवारभित्रको कथामा निर्माण भएको यस फिल्ममा केकी अधिकारी, मुकुन भुषाल, आँचल शर्मा, कुशल विष्ट, हिंउवाला गौतम, संगम भण्डारी, विजय देउजा, आर्यन खड्का, अभय बराललगायतको अभिनय रहेको छ । *-साभार: फिल्मीखबर*

'प्रमाणित सूचना नागरिकसम्म पुऱ्याउनुपर्छ'

चितवन, ३० भदौ (रासस)/ बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णप्रसाद शर्मा खनालले प्रमाणित सूचना आम नागरिकसम्म पुऱ्याउनुपर्नेमा जोड दिएको छ । नेपाल फोटो पत्रकार महासंघको दोस्रो केन्द्रीय महाधिवेशनको बिहीबार सौराहामा उद्घाटन गर्दै उनले तस्वीरले प्रमाणित सूचना दिने बताए ।

पहिले-पहिले खिचेका तस्वीरको दस्तावेजीकरण गर्दै त्यसै कामलाई परिस्कृत ढंगले अहिले तस्वीर लिने गरेको जनाउँदै उनले तस्वीरले यथार्थ समाचार दिने बताए ।

कार्यक्रममा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारी, नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव सिजएना अर्याल, राष्ट्रिय प्रकृति संरक्षण कोष सौराहाका प्रमुख डा बाबुराम लामिछाने, नेकपा (एमाले) चितवनका सचिव प्रकाश खनाल, क्षेत्रीय होटल संघ सौराहाका अध्यक्ष दीपक भट्टराईलगायतले शुभकामना मन्तव्य व्यक्त गरेको थियो ।

बिहीबार बन्दसत्र गरी शुक्रबार बिहान नयाँ कार्यसमिति चयन गरेर महाधिवेशन सम्पन्न हुँदै छ । उद्घाटनसत्र हुनुअघि सौराहामा प्रभातफेरीको आयोजना गरिएको थियो । महाधिवेशनमा चार सय हाराहारी प्रतिनिधि सहभागी भएका छन् । महासंघको सातवटै प्रदेश र ७४ वटा जिल्लामा समिति रहेको महाधिवेशन मूल समितिका सहसंयोजक कोमलचन्द्र भगतले जानकारी दिए ।

मोबाइल सेटको गैरकानुनी आयात रोक्न एमडिएमएस प्रणाली सुरु



काठमाडौं २९ भदौ (रासस)/ नेपाल दूरसञ्चार प्राधिकरणले मोबाइल सेटको गैरकानुनी आयात, बिक्री वितरण तथा प्रयोगलाई निरूत्साहित गर्ने उद्देश्यले एमडिएमएस प्रणाली सुरु गरेको छ ।

प्राधिकरणले मोबाइल सेटको गैरकानुनी बिक्री वितरणलाई रोक्दै थप व्यवस्थित गर्न, चोरी भएका तथा हराएका मोबाइल सेटको ट्र्याकिङ/ब्लकिङ गरी नेपालभित्र त्यस्ता मोबाइल नचल्ने व्यवस्था गर्न सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले बुधबार सो प्रणालीको सुरुआत गरे ।

प्राधिकरणले एमडिएमएस प्रणाली सुरु गरेसँगै विदेशबाट व्यक्तिगत तवरले ल्याइएका मोबाइल सेटलगायत हालसम्म चालु रहेका सबै मोबाइल सेट स्वत: एमडिएमएस प्रणालीमा दर्ता हुने व्यवस्थासमेत गरेको छ । प्राधिकरणले बुधबारदेखि मोबाइल खरिद गर्दा उक्त मोबाइल सेट नेपाल दूरसञ्चार प्राधिकरणको एमडिएमएस प्रणाली (mdms.nta.gov.np) मा दर्ता भए/नभएको यकिन गरी मात्र खरिद गर्नुहुन अनुरोध गरेको छ ।

सोही अवसरमा मन्त्री कार्कीले एमडिएमएस प्रणालीले अवैधरूपमा खरिद बिक्रीको कार्यलाई रोक्ने र मुलुकको अर्थतन्त्र र मोबाइलको व्यापारमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे । वर्तमान सरकार नीति क्षेत्रलाई प्रोत्साहित गर्न चाहेको र निजी क्षेत्रसँग हातेमालो गरेर मात्रै मुलुकलाई समृद्ध बनाउने नेपालीको अभिलाषा पूरा हुने उनको भनाइ थियो । उनले केही समयअघि नेपालको अर्थतन्त्रको अवस्था श्रीलंकाको जस्तो हुन लागेको भनी भ्रम सिर्जना गर्न खोजिएको भन्दै मुलुकको अर्थतन्त्रप्रति सरकार सचेत रहेको प्रष्ट पारे । उनले भने, "सचेत हुन जरुरी थियो, तर नेपालको अर्थतन्त्र श्रीलंकाको जस्तो हुँदैन थियो र श्रीलंकाको जस्तो हुन पनि दिक्कुन, हामीसँग धेरै सम्भावना छन्, यी सम्भावनालाई अवसरका रूपमा परिणत गरेर अब हामीसँग अगाडि बढ्नुको विकल्प छैन ।"

मन्त्री कार्कीले आगामी मंसिर ४ गते हुने संघ र प्रदेशको निर्वाचनमा समुन्नत नेपाल, समृद्ध नेपाली र आगामी १० वर्षभित्रमा कम्तीमा दक्षिण एसियामा सम्पन्न मुलुकमध्येका नेपाली चिनाउने अभियान लिएर जनताको घरदैलोमा पुग्ने प्रतिबद्धता व्यक्त गरे । सूचना, सञ्चार र प्रविधिको तीव्र विकास भइरहेको सन्दर्भ उल्लेख गर्दै एमडिएमएस प्रणालीलाई प्रभावकारी बनाउनुपर्नेमा उनले जोड दिए । "सञ्चार प्रविधिको विकासले अहिले संसार नै गाउँमा परिणत भएको छ, त्यसका जति फाइदा छन्, त्यति नै बेफाइदा पनि छन्, त्यसतर्फ पनि सचेत गराउँदै जलस्रोत र पर्यटनको विकास भए जसरी आगामी दिनमा नेपाललाई आइटी हबका रूपमा परिणत गर्न सकेको खण्डमा विदेशी मुद्रा आर्जन गर्न सकिने सम्भावना उत्तिकै छ", मन्त्री कार्कीले भने ।

सञ्चार मन्त्रालयका सचिव डा बैकुण्ठ अर्यालले एमडिएमएस प्रणाली सुरु गरेसँगै आउने विविध समस्यालाई पनि सँगै समाधान गर्दै लैजानुपर्नेमा जोड दिए । प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले मोबाइल आयातकर्ता/बिक्रेताले मोबाइल आयात गर्नुअघि अनिवार्यरूपमा प्राधिकरणको स्वीकृति लिई प्राधिकरणमा दर्ता भएका मोबाइल मात्र बिक्री वितरण गर्न अपिल गरे । सामसुङ मोबाइलको व्यापार गर्दै आएको आइएमस ग्रुपका अध्यक्ष दीपक मल्होत्राले एमडिएमएस प्रणालीले मोबाइल बिक्री वितरण क्षेत्रलाई थप व्यवस्थित बनाउने विश्वास व्यक्त गरे ।

संविधान जोगाउन गठबन्धन सरकार बनेको हो: नेता सिंह

काठमाडौँ, ३० भदौ (रासस)/ नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहले संविधान जोगाउन गठबन्धन सरकार बनेको बताएको छ ।

काठमाडौँमा बिहीबार आयोजित सरोकारवाला निकायसँगको सार्वजनिक सुनुवाइ कार्यक्रममा उनले तत्कालीन (नेकपा) सरकारले नेपालको संविधान, भावना र मर्मअनुसार काम नगरी दुई पटकसम्म संसद् भङ्ग गरेकाले संविधान जोगाउनका लागि गठबन्धनको सरकार बनेको बताएको हो ।

"गठबन्धनको सरकारले देशलाई ठूलो दुर्घटना हुनबाट जोगाएको छ, आगामी निर्वाचनमा देशलाई विकास र समृद्धिको दिशामा अघि बढाउने पार्टीलाई विजयी गराउनुपर्छ", नेता सिंहले भने । तत्कालीन (नेकपा)को सरकारले संघीय कानुन समयमा नबनाइदिएका कारण अहिले स्थानीय सरकारलाई दिनुपर्ने अधिकार केन्द्रबाट नै हुने गरेको उनको भनाइ थियो ।

बागमती नदी किनारका अव्यवस्थित बस्तीको दीर्घकालीन समस्या समाधानका गर्न आफू लागिपरेको चर्चा गर्दै नेता सिंहले काठमाडौँ जिल्ला भूमि आयोगले थालनी गरेका कामलाई तदारुकताका साथ अघि बढाउन सहयोग गर्नुपर्ने आवश्यकता औंल्याए ।

कार्यक्रममा सरोकारवाला निकायका पदाधिकारीले खानेपानी सम्बन्धी समस्या समाधान गर्न माग गरेका थिए । उनीहरू ढल र फोहरको व्यवस्थापन राम्रोसँग हुन नसकेकामा आक्रोशित भएका थिए ।

भारत पुऱ्याइएका १६ बालकको उद्धार

राँझा, ३० भदौ (रासस)/ जोखिमपूर्ण रुपमा भारतको उत्तर प्रदेश पुऱ्याइएका १६ नेपाली बालकको उद्धार गरिएको छ । भारतको गोण्डा र सिद्धार्थनगर स्थित बालगृहबाट उनीहरूको उद्धार गरिएको हो ।

शान्ति पुन:स्थापना गृह नेपाल र देहरादुनस्थित हेल्प क्रस संस्थाको समन्वयमा ती बालकको बुधबार उद्धार गरी नेपाल ल्याइएको शान्ति पुन:स्थापना गृहका नेपालगञ्जस्थित क्षेत्रीय संयोजक भूमि भट्टराईले जानकारी दिए ।

रुपन्देहीको भित्री नाका हुँदै जोखिमपूर्ण रुपमा भारत पुऱ्याइएका ती बालकलाई १० दिनअघि शान्ति पुन:स्थापना गृह नेपालाई प्राप्त सूचनाको आधारमा भारतको गोरखपुरस्थित रेलवे स्टेशनबाट भारतीय सुरक्षाकर्मीले नियन्त्रणमा लिएका थिए ।

उद्धार गरिएका नुवाकोटका १०, रसुवाका पाँच र कैलालीका एक बालकमध्ये अधिकांश १२ वर्षमुनिका छन् । बाल कल्याण समिति बस्ती उत्तर प्रदेशको अनुमतिमा कानुनी प्रक्रिया मिलाएर उनीहरूलाई अभिभावकसँग पुनर्मिलन गराउने जिम्माका साथ नेपाल ल्याइएको संयोजक भट्टराईले बताए । बालकलाई अभिभावकको जिम्मा लगाइने छ । उनीहरूलाई भारत पुऱ्याउने व्यक्तिको पहिचान हुन सकेको छैन ।

बागवानी बालीका चुनौती र अवसर बारेमा कृषि वैज्ञानिक छलफलमा

काठमाडौँ, ३० भदौ (रासस)/ दक्षिण/दक्षिणपूर्वी एशिया क्षेत्रमा तरकारी र फलफूलका विधागत चुनौती तथा सम्भावित अवसरका बारेमा कृषि वैज्ञानिक एवं अनुसन्धानकर्तालि छलफल गरेका छन् । कृषि तथा वन विज्ञान विश्वविद्यालय र फरवार्ड संस्थाको संयुक्त आयोजनामा ललितपुरमा तीनदिन चलेको गोष्ठीमा बागवानी बाली विशेषत: तरकारी र फलफूलको अनुसन्धानका लागि प्राथमिकतामा राख्नुपर्ने क्षेत्र पहिचान गरिएको थियो ।

सहभागीले दक्षिण एसियानी मुलुकमा बागवानी क्षेत्रका प्रमुख अवसर औंल्याउँदै ती अवसरलाई मूर्त बनाउन र नेपालमा बागवानी क्षेत्रको विकास गर्न नेपाल सरकारका सबै क्षेत्र, अनुसन्धान लक्षित संस्था, विश्वविद्यालय एवं अन्य शैक्षिक संस्था र निजी क्षेत्रका उद्यमी व्यवसायीको छलफल तथा समन्वय आवश्यक रहेको सुझाव दिएको थियो ।

कार्यशालामा गण्डकी विश्वविद्यालयका उपकूलपति प्राडा नवराज देवकोटाले बागवानी क्षेत्रको विकासका लागि अनुसन्धान कोष जुटाउने अवसरका रूपमा कार्यक्रम सम्पन्न भएको बताएको थियो । कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकूलपति प्राडा पुष्पप्रसाद रेग्मीले कृषि अनुसन्धान र प्रसारका लागि अन्तर्राष्ट्रिय साझेदार संस्था एवं स्थानीय सहकारी संस्था, कृषक समूह र समन्वयकारी निजी संस्थासँग सहकार्य गर्न सधैं तयार रहेको बताएको थियो । गोष्ठीमा बंगलादेश कृषि अनुसन्धान संस्थान, बंगलादेश कृषि विश्वविद्यालय, सार्क कृषि केन्द्रलगायत नेपाल एवं बंगलादेशका विभिन्न निजी क्षेत्रका प्रतिनिधिको सहकार्य रहेको थियो । कार्यशालामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रतिनिधि, नेपाल कृषि अनुसन्धान परिषद् (नार्क)का वैज्ञानिक, व्यवसायी किसान र कृषि व्यवसायीको सहभागिता थियो ।

कार्यक्रममा बागवानी क्षेत्रका दक्षिण/दक्षिणपूर्वी एसिया लक्षित अनुसन्धानका कुल १८ विभिन्न विषयगत कार्यपत्र प्रस्तुत गरिएको थियो । गोष्ठीमा सहभागीलाई समूह विभाजन गरी सामुहिक छलफलका माध्यमबाट विषयगत अवसर, चुनौती र सम्भावना संकलन गरिएको थियो ।

कृषक प्रतिनिधि रीता बस्ताकोटीले यस कार्यशालामा आफूले सिक्ने मौका पाएको बताए । उनले कुल गार्हस्थ उत्पादनमा उल्लेख्य योगदान पुऱ्याउने अधिकांश कृषक साना किसान भएकाले साना र महिला कृषकलाई लक्षित गरी कार्यक्रम बनाउनुपर्ने सुझाव दिए । नेपाल बागवानी समाजका कोषाध्यक्ष सञ्जय धिमालले छलफलपछि तयार गरिने प्रतिवेदनको गुणस्तरमा विशेष ध्यान पुऱ्याउन सके नेपालमा बागवानी विकास कार्यक्रमको योजना तयार गर्नमा मद्दत हुने बताए ।

कृषि तथा पशुपञ्ची विकास मन्त्रालयका सहसचिव वासुदेव काफ्लेले यो पारियोजनामा मिलेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे । कृषि तथा वन विज्ञान विश्वविद्यालयका चार्टर्ड उपकुलपति प्राध्यापक डा. कैलाशनाथ प्याकुर्यालले आफ्ना सिकाइ अनुभव आदानप्रदान गर्दै अनुसन्धानका परिणाममा आधारित प्रस्ताव विकास गर्न सुझाव दिए ।

गोष्ठीमा प्राडा दुर्गा देवकोटाले संयुक्त राज्य अमेरिका, बंगलादेश र नेपालका सहभागीलाई स्वागत गरेको थियो । हर्टिकल्चर इनोभेसन ल्याबकी निर्देशक प्राडा एलिजाबेथ मिचमले कार्यक्रमको उद्देश्य एवं विश्वव्यापी सम्भावनाबारे जानकारी गराएको थियो ।

प्राडा अर्जुनकुमार श्रेष्ठले दक्षिण/दक्षिणपूर्वी एसियामा बागवानीको वर्तमान अवस्थाबारे प्रस्तुतीकरण दिएको थियो । बंगलादेश कृषि विश्वविद्यालयका प्राडा मोहम्मद रेजाउल करिम र बंगलादेश कृषि अनुसन्धान संस्थानकी डा. फिरदौस इस्लामले बंगलादेशको बागवानीको अवस्थाका बारेमा जानकारी गराएको थियो ।

अध्यक्ष लीको भ्रमणसँगै तातोपानी र रसुवा नाका खुला

काठमाडौँ, ३० भदौ (रासस)/ झण्डै एक महिना बढी समयदेखि कोभिड-१९को संक्रमण बढेको भन्दै बन्द भएका तातोपानी र रसुवातर्फका नाका बिहीबबार देखि खुलेका छन् ।

नेपालको चार दिने औपचारिक भ्रमणमा आएका जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकांग्रेस, स्थायी समितिका अध्यक्ष ली चान्शुको भ्रमणका क्रममा भएका द्विपक्षीय सहमति पश्चात नाका खुलेको बताइएको छ । सायौं कोभिड-१९को संक्रमण घटेकाले पनि दुवै नाका आजदेखि सञ्चालन गरिएको समेत जनाइएको छ ।

नाका खुलेसँगै रसुवाबाट बिहान सात ठ्ठला कन्टेनर सामान नेपाल भित्रिसकेको र बाँकी सात कन्टेनर सँभिसम्म आइपुग्ने भन्सार विभागका सूचना अधिकारी पुष्यविक्रम खड्काले राससलाई जानकारी दिए । रसुवा नाकाबाट यसअघि दैनिक ठूला १४ कन्टेनर समान आउने गरेका थिए । तातोपानी नाकाबाट रसुवा नाकाको तुलनामा केही कम सामान आउने गरेको र बढी फलफूल आउने गरेको विभागले जनाएको छ ।

अध्यक्ष लीको भ्रमणका क्रममा भएका उच्चस्तरीय भेटवार्तामा नेपालका तर्फबाट ती नाका खुला हुनुपर्ने आवाज उठेको थियो । प्रधानमन्त्री शेरबहादुर देउवासँग मंगलबार भएको अध्यक्ष लीको प्रतिनिधिमण्डलस्तरीय भेटवार्तामा उनीहरूबीच द्विपक्षीय व्यापार, लगानी, कनेक्टिभिटी, चीनमा अध्ययनरत नेपाली विद्यार्थी फिर्ता, यात्रु उडान सुरु गर्ने, सीमा बन्दरगाह खोल्नेलगायतका आपसी हितका विविध विषयमा छलफल भएको थियो ।

प्रेस युनियनले पार्टीबाट सिफारिसमा परेका पत्रकारलाई उम्मेदवार बनाउन पहल गर्ने

काठमाडौँ, ३० भदौ (रासस)/ नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल प्रेस युनियनले देशभरबाट पार्टीले सिफारिस गरेका युनियनका पत्रकारलाई उम्मेदवार बनाउन पहल गर्ने भएको छ ।

प्रेस युनियनले आगामी मंसिर ४ गतेहुन लागेको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि देशभरबाट उम्मेदवार सिफारिस भएका प्रेस युनियनमा आबद्ध पत्रकारसँग काठमाडौँमा अन्तरक्रिया कार्यक्रम गरी युनियनकर्मीलाई संसद्मा पठाउन पहल गर्ने बताएको हो ।

कार्यक्रममा नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले संसद्मा नेपाल प्रेस युनियनमा आबद्ध पत्रकारले प्रतिनिधित्व गरे प्रेस युनियनको साख बढ्ने बताए । "युनियनमा आबद्ध पत्रकारलाई संसद्मा प्रतिनिधित्व गराउन हामी पार्टीका शीर्ष नेतृत्व र संसदीय बोर्डका सदस्यको ध्यानाकर्षण गराउँछौं", उनले भने । युनियनका पूर्वअध्यक्ष कुलचन्द्र वाग्लेले पत्रकारले संसद्मा प्रतिनिधित्व गर्न सके पत्रकारको आवाज देशव्यापी लैजान सकिने बताए । उनी तनहुँ क्षेत्र नं १ प्रदेश (क) बाट समानुपातिकतर्फ सिफारिस भएको छ । युनियनका पूर्वअध्यक्ष किरण पोखरेलले सम्भावना बोकेका पत्रकारलाई संसद्मा प्रतिनिधित्व गर्न प्रेस युनियनले पार्टीको केन्द्रीय नेतृत्वलाई दबाब दिनुपर्ने बताए । उनी सुनसरी क्षेत्र नं २ बाट प्रतिनिधिसभाको समानुपातिक उम्मेदवारमा सिफारिस भएको छ ।

युनियनका सल्लाहकार एवम् वरिष्ठ पत्रकार कविर राणा भक्तपुर क्षेत्र नं २ बाट प्रतिनिधिसभामा प्रत्यक्षतर्फ उम्मेवार सिफारिस भएको छ । युनियनका निवर्तमान वरिष्ठ उपाध्यक्ष दिपक आचार्य चितवन क्षेत्र नं २ प्रदेश (ख) बाट प्रत्यक्षतर्फ, युनियनका निवर्तमान कोषाध्यक्ष सरोज अधिकारी धादिङबाट प्रदेशसभाको समानुपातिक, युनियनका पूर्व उपाध्यक्ष एवम् नेपाल पत्रकार महासंघकी केन्द्रीय उपाध्यक्ष बाला अधिकारी ओखलढुंगाबाट प्रतिनिधिसभा समानुपातिक उम्मेदवार सिफारिस भएको छ ।

यस्तै युनियनका पूर्व सचिव सन्तोष न्यौपाने काठमाडौँ क्षेत्र नं ६ प्रदेश (क) बाट समानुपातिक उम्मेदवारमा सिफारिस भएको छ भने युनियनका नेता एवम् नेपाल पत्रकार महासंघ उपत्यका प्रतिष्ठान शाखाका सचिव रोशन पाण्डे काभ्रेबाट प्रदेशसभा समानुपातिक उम्मेदवारका लागि सिफारिस भएको छ ।

यस्तै युनियनका नेता झपेन्द्रप्रसाद गैरे पाल्पाबाट प्रदेशसभा समानुपातिक उम्मेदवार, परमेश्वर साह सिरहाबाट, चित्रकुमार मिजार सिन्धुपाल्चोकबाट उम्मेदवारका लागि सिफारिस भएको छ । देशभरबाट ५० भन्दा बढी युनियनकर्मीलाई पार्टीले प्रतिनिधिसभा तथा प्रदेशसभामा प्रत्यक्ष तथा समानुपातिक उम्मेदवारका रूपमा सिफारिस गरेको युनियनका महासचिव दिलिप पौडेलले जानकारी दिए । महासचिव पौडेलले उम्मेदवार सिफारिसमा परेका देशभरका पत्रकारको तथ्यांक संकलन गरी उम्मेदवार बनाउन पहल गर्ने बताए ।

युनियनका उपाध्यक्ष भीष्मराज ओझाले पार्टीले देशभरबाट उम्मेदवारका लागि सिफारिस गरेका युनियनमा आबद्ध पत्रकारलाई उम्मेदवार बनाउन शीर्ष नेतृत्वको ध्यानाकर्षण गराउने बताए । "युनियनमा आबद्ध सबै पत्रकारलाई उम्मेदवार बनाउन नसके पनि दबाबस्वरुप केन्द्रीय नेतृत्वको ध्यानाकर्षण गराउँछौं", उनले भने ।

बालमैत्री स्थानीय शासनलाई प्रवर्द्धन गर्ने प्रतिबद्धता

काठमाडौँ, ३० भदौ (रासस)/ बालमैत्री स्थानीय शासनको अवधारणालाई प्रभावकारी प्रवर्द्धन तथा स्थापनाका लागि बालबालिका सम्बन्धी ऐनको कार्यान्वयनमा प्रतिबद्धता व्यक्त गरिएको छ ।

'बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च'ले राष्ट्रिय बाल दिवसका सन्दर्भमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको सहयोग र जागृति बाल तथा युवा सरोकार नेपालको सहकार्यमा बालमैत्री स्थानीय शासन अभियानको प्रगति, चुनौती र भावी कार्यदिशाका विषयमा आयोजित राष्ट्रिय कार्यशालामा स्थानीय तहमा बालमैत्री शासनको प्रवर्द्धन हुनुपर्ने बताइएको हो । बालबालिकासम्बन्धी ऐनका मुख्य व्यवस्थाको कार्यान्वयनको लागि स्थानीय सरकार थप जिम्मेवार हुन आग्रह गरिएको छ ।

बालविवाह, भेदभाव, महिनावारी समस्या, बालबालिकालाई फरकफरक शौचालयको कमी, यौन हिंसा, अपहेलना, सामाजिक कुरीति, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक र अपाङ्गता भएका बालबालिकालाई दुर्व्यवहार, अनलाइन हिंसाजस्ता समस्याका रूपमा बालबालिकाको चौतर्फी विकासका बाधकका रूपमा कायमै रहेको वक्ताको भनाइ छ ।

यस वर्षको राष्ट्रिय बाल दिवस 'बालमैत्री समाजको आधार : जिम्मेवार परिवार, उत्तरदायी समाज' भन्ने नाराका साथ देशव्यापीरूपमा मनाइयो ।

बालअधिकार महासन्धिको कार्यान्वयनका क्रममा हालसम्म मुलुकका दुई सय ९० स्थानीय तहमा बालअधिकार संरक्षण तथा सम्वर्द्धनसम्बन्धी कार्यविधि तर्जुमा गरिएकामा यसलाई स्थानीय तहमा विस्तार गर्न आग्रह गरिएको छ ।

राष्ट्रिय बालअधिकार परिषद्को आब २०७८/७९ को तथ्याङ्कअनुसार दुई सय छ स्थानीय तहमा स्थानीय बालअधिकार समिति गठन र दुई सय तीन तहमा बाल कल्याण अधिकारी तोकिएको छ । यस्तै एक सय ८० तहमा बालकोष स्थापना भई सञ्चालनमा आएको छ ।

‘३२ मिटर सडक भत्काउन कानूनले दिँदैन्, भ्रम फैलाइयो’

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ राजनीतिक तथा सामाजिक विकृति, अनियमितताविरुद्ध निरन्तर औंला ठड्याउँदै आएका नेपाली कांग्रेस मकवानपुरका सचिव भिमसेन महतले नगरबासीमा भ्रम फैलाइएको आरोप लगाएका छन् ।

विगत १० वर्षदेखि हेटौंडाको सडक विस्तारका पक्षमा वकालत गर्दै आएका महतले बिहीवार पत्रकार सम्मेलन गरेर नगरको मुख्य सडक दायाँबायाँ १६-१६ (३२) मिटर भत्काउने सम्बन्धमा भ्रम छरिएको आरोप लगाएका हुन् । उनले राष्ट्रिय राजमार्गसँग जोडिएको हेटौंडाको मुख्य सडक ३२ मिटर भत्काउन कानूनले नदिने दाबी गरे ।

हेटौंडाको सडक विस्तार गर्दा दायाँबायाँ २५-२५ (५०) मिटर नै भत्किनेमा ढुक्क रहन नगरबासीलाई भनेका छन् । हेटौंडाबाट पूर्व र पश्चिममा पर्ने क्षेत्रहरुको अधिकांश स्थानमा महेन्द्र राजमार्ग ५० मिटर विस्तार भइसकेकाले अब नगरको मुख्य सडक ३२ मिटर फराकिलो हुने आधार नदेखिएको उनले दाबी गरे ।

महतले महेन्द्र राजमार्गको क्षेत्रफल ५० मिटर हुने सडक संशोधन गर्नुपर्ने बताएका छन् । सडक ऐन ३२ अनुसार नेपालको महेन्द्र राजमार्गले छोएको धेरैजसो ठाउँमा ५० मिटर सडक विस्तार तोकेको जिकिर गर्दै उनले एउटै देशमा बस्ने नागरिकलाई ठाउँ अनुसार फरक-फरक कानुन लागु हुने

सम्भावना नभएको बताएका छन् । देशका अन्य क्षेत्रमा ५० मिटर सडक विस्तार भइरहेको अवस्थामा ऐनअनुसार हेटौंडामा १६ मिटर मात्रै सडक विस्तार हुने सम्भावना नरहेको भन्दै नागरिकलाई भ्रममा नपर्न उनले आग्रह गरेका हुन् ।

ऐनलाई कुल्चेर १४ मिटर १६ मिटर कायम गर्ने भन्ने कुरा हावादारी गफ भएको महतले दाबी गरे । सडक ऐन २०३२ तत्कालीन सरकारले ल्याएपछि सडकको क्षेत्राधिकार भित्रको जग्गा व्यक्तिको नामबाट लगत कट्टा गरी सडकको नाममा गरिनु पर्ने उनको भनाइ थियो ।

‘सरकारले उक्त कार्य नगरेको कारणले अहिलेसम्म पनि व्यक्तिको नाममा जग्गा रहेकोले नेपाल सरकारलाई कर बुझाई रहेका छन् । ऐनले सडकको क्षेत्रमा परेको जग्गामा हेटौंडा उपमहानगरपालिकाले घर बनाउन अनुमति दिएको छ । त्यसैले मुआब्जाको दाबी लाग्छ । त्यसैले १६ मिटर सडक विस्तार, हेटौंडालाई मानव बस्ती घोषणा र बाइपास सडक निर्माण सबै कुरा भ्रमका खेती हुन् ।,’ महतले भने ।

अब सडक विस्तारलाई बढ्न दिएर उचित मुआब्बा दाबी गर्न महतले राजमार्ग क्षेत्रका नागरिकलाई अनुरोध गरेका छन् । महतले बाइपास सडक बनाएर महेन्द्र राजमार्ग कायम गर्ने विषय चलेको भन्दै यसको पनि सम्भावना नरहेको जिकिर गरे । महेन्द्र राजमार्ग नेपाल सरकार अन्तर्गत् रहेको र यसको आफ्नै ऐन रहेको उनले बताए ।

‘विगतको समयमा सबैभन्दा बढी स्थानीय सरकार चलाएको र जिल्लाबाट नेतृत्व गरेको पार्टीका नेता तथा प्रतिनिधिले बाइपासको विषय चलाएका छन्, तर बाइपास भने कहिल्यै बनाएनन्, यो दोहोरो चरित्र हो । बाइपासको विषयमा पहिले बाइपास सडक बनाउनु पन्यो र त्यसलाई महेन्द्र राजमार्ग कायम गर्नुपन्यो र राजमार्गको नक्सांकन परिवर्तन भएको निवेदन र यसैलाई कायम गर्न एसियन हाइवेमा हाल्नु पन्यो ।,’ उनले भने । उनका अनुसार एसियन हाइवेले नक्सांकन परिवर्तन गर्ने सम्भावना नरहेको ठोकुवा गरे ।

‘मैले एसियन हाइवे निर्माणकर्ताहरुसँग परामर्श गर्दा नक्सा परिवर्तन नहुने बताएका छन् । उनीहरुले मसँग आफ्नो डिजाइनलाई परिवर्तन गर्न नसकिने बारे बताएका थिए । अब कसरी राजमार्ग सार्न सम्भवन छ ?,’ महतले भने, ‘यो त राजमार्ग सर्छ भनेर भ्रम छर्ने कुरा मात्रै हो,’ हेटौंडामा राजमार्गको क्षेत्र पनि विस्तार हुने र नहुने चर्चा २० वर्षदेखि चलिरहेको भन्दै राजनीतिकरण गर्न नहुने बताए । महेन्द्र राजमार्ग विस्तारको चर्चा चल्ने, नाप जाँच पनि गर्ने, सूचना जारी पनि गर्ने र पुन: रोकिने पनि २० औं पटक भइसकेको भन्दै जनतालाई समस्या बनाएको उनले बताए ।

पटक-पटक चर्चा चल्नु र काम नहुनुको पछाडि राजनीतिक पहुँचको आधारमा भएको उनले आरोप लगाए । ‘समय समयमा हेटौंडालाई मानव बस्ती घोषणा गर्नुपर्छ, १६ मिटर सम्म मात्र सडक विस्तार गर्नुपर्छ भन्ने विषय पनि उठिरहेकै विषय हो ।

बाइपास सडक बनाएर लिएर जानुपर्छ भन्ने कुरा पनि ठूलै स्वरमा उठकै हो । कसैले उचित मुआब्बा सरकारले दिएर सडक विस्तार गर्नु पर्छ भन्नेहरु पनि छन्,’ महतले भने ।

म्यादी प्रहरीमा पहिलो दिनमै तीनसय ४९ जनाद्वारा आवदेन

हेटौंडा, ३० भदौ/ मकवानपुरमा म्यादी प्रहरीको आवेदन खुलेको पहिलो दिनमा तीनसय ४९ जनाले आवदेन दिएका छन् ।

आगामी मंसिर ४ गते हुने प्रदेश र प्रतिनिधिसभा निर्वाचनका लागि मकवानपुरमा बिहीबारबाट म्यादी प्रहरीको आवेदन खुल्ला गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले म्यादी प्रहरी भर्ना छनौट, नियुक्ति तथा परिचालन सम्बन्धी मापदण्ड, २०७९ अनुसार म्यादी प्रहरीका लागि आवेदन खुल्ला गरिएको जानकारी दिए । उनले आवेदन खुल्ला भएको पहिलो दिन दुईसय २७ जना पुरुष र एकसय २२ जना महिला गरी तीनसय ४९ जनाले आवदेन दिएको बताए ।

असोज ६ गतेसम्म आवेदन दिन सक्नेछन् । दरखास्त फाराम सबै जिल्ला प्रहरी कार्यालयमा पाइनेछ । आवेदक दरखास्त फारम दिन १८ वर्ष पूरा भई ५४ वर्ष ननाघेको हुनुपर्ने, नेपाली नागरिक हुनुपर्ने, साधारण लेखपढ गर्न जान्ने, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको, राजनीतिक दलको सदस्य नरहेको, शारीरिक तथा मानसिक रूपले स्वस्थ रहेको हुनुपर्नेछ ।

यसैगरी, आक्रमकरी संगठनको सदस्य नरहेको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको, पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३ इन्च, तौल ५० केजी र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ केजी भएको तथा गर्भवती नभएको हुनुपर्ने कार्कीले बताए ।



लेडी जेसीज सप्ताह समापन

साझाकुरा संवाददाता

हेटौंडा, ३० भदौ/ सामाजिक क्षेत्रमा अग्रणी महिलाहरुको संस्था लेडी जेसीजको आयोजनामा भएको जेसीज सप्ताह कार्यक्रम बिहीबार समापन भएको छ ।

लेडी जेसीजले हरेक वर्ष जेसीज सप्ताह मनाउँदै आएको छ । कार्यक्रमअन्तर्गत् सामाजिक क्षेत्रमा विभिन्न गतिविधि गर्दै आइरहेको जेसीजले जेसीज सप्ताह मुल संयोजक सजिता केसी खत्रीले आमा घर नेपाललाई सहयोग, महिला हिंसाविरुद्ध सचेतना तालिम, हुप्चौर सरसफाई कार्यक्रम, आत्मरक्षा तालिम, वक्तृत्वकला प्रतियोगिता, शैक्षिक सामग्री हस्तान्तरण, स्लो स्कुटी रेस, डेंगुविरुद्ध सचेतना कार्यक्रम गरिएको जानकारी दिइन् । कार्यक्रमअन्तर्गत् भएका प्रतियोगिताका उत्कृष्टहरुलाई पुरस्कृतसमेत गरिएको छ । जेसीजले २७ भदौबाट कार्यक्रम सुरु गरेको थियो । बिहीवार हेटौंडामा जेसीज अध्यक्ष कविता पौडेलको सभाध्यक्षता तथा संविधानसभा सदस्य अनन्त पौडेलको प्रमुख आतिथ्यतामा कार्यक्रम समापन भएको हो ।

वक्तृत्वकला प्रतियोगितामा उचित बजगाई प्रथम, सुनील न्यौपाने द्वितीय, सुदिन पौडेल तृतीय र मधु यादव सान्त्वना भएकोमा उनीहरुलाई क्रमश: पाँच, तीन र दुई हजार नगद प्रदान गरिएको छ । स्लो स्कुटी रेस प्रतियोगितामा प्रथम भएकी लक्ष्मी थापा मगर, द्वितीय भएकी रिता ठकुरी र तृतीय भएकी प्रतिक्षा न्यौपानेलाई हेल्मेट पुरस्कार प्रदान गरिएको छ ।

कार्यक्रममा जेसीज राष्ट्रिय उपाध्यक्ष तथा निरुपित राष्ट्रिय जेसीज क्षेत्र (ख)की उपाध्यक्ष रश्मी बस्नेत, हेटौंडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जन, हेटौंडा जेसीजका अध्यक्ष पवन कंसाकार, लेडी जेसीजकी पूर्वअध्यक्ष निलम पाण्डे, सुशीला पौडेललगायतको आतिथ्यता थियो ।

पालुङ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
पालुङ, मकवानपुर
निमन्त्रणा

श्री सदस्य ज्यू

विषय: २३ औं बार्षिक साधारणसभामा उपस्थिति सम्वन्धमा

यस संस्थाको संचालक समितिको मिति २०७९ भाद्र १८ गते बसेको १५२ औं बैठकको निर्णयानुसार २३ औं बार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका बिषयमा छलफल तथा निर्णयका लागि बस्ने भएको हुँदा तपाई शेयर धनी सदस्यज्यूलाई उक्त सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

सभा हुने मिति, समय र स्थान
साधरण मिति : २०७९ साल असोज २९ गते
निर्वाचन मिति : २०७९ साल असोज ३० गते
समय : विहान १० : ०० बजे
स्थान : संस्थाको प्राङ्गण था.न.पा.-४, थानाबजार

छलफलका विषयहरु
१. २३ औं बार्षिक साधारणसभाको लागि संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
२. आ.व. २०७८/०७९ को लेखा परीक्षण प्रतिवेदनसहितको आर्थिक प्रतिवेदन ।
३. २३ औं बार्षिक साधारणसभामा लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
४. आ.व. २०७९/०८० को प्रस्तावित कार्यक्रम तथा बजेट सम्वन्धमा ।
५. आ.व. २०७९/०८० को लेखा परीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
६. संस्था एकीकरण (गाभ्ने), प्राप्ती गर्ने र सेवा केन्द्र थप गर्ने सम्बन्धमा ।
७. शेयर लाभांश वितरण गर्ने सम्बन्धमा ।
८. कोषहरु खर्च गर्ने सम्बन्धमा ।
९. साधारणसभाको निर्णय पुस्तिका सदर गर्ने सम्बन्धमा ।
१०. संचालक समितिक र लेखा सुपरिवेक्षण समितिको निर्वाचन सम्बन्धमा ।
११. विविध ।

भवदीय
(बरुण रायमाझी)
सचिव

Mailing Address: PalungMakawanpur
Phone: 057-620106, 400005, 400006
Website: pacos.com.np,
Email: pacospalung@yahoo.com, pacospalung@gmail.com

हार्दिक बधाई तथा शुभकामना

अमुल श्रेष्ठ, अध्यक्ष | पूर्णशिला श्रेष्ठ, उपाध्यक्ष | सजन कृष्ण श्रेष्ठ, कोषाध्यक्ष | निर्मला अर्याल (सदस्य)

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेस पूर्व विद्यार्थी संगठनको हालै सम्पन्न भेलाबाट यस विद्यालयका सहायक प्रिन्सिपल **अमुल श्रेष्ठ** अध्यक्ष, निमावि तह संयोजक **निर्मला अर्याल** सदस्य, यसै विद्यालयका अभिभावक **पूर्णशिला श्रेष्ठ** उपाध्यक्ष र **सजनकृष्ण श्रेष्ठ** कोषाध्यक्ष जस्तो विभिन्न पदमा निर्वाचित हुनुभएकोमा उहाँहरुलगायत सम्पूर्ण पदाधिकारी तथा सदस्यहरुलाई हार्दिक बधाई ज्ञापन गर्दै पूर्ण कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दछौं ।

विनोद सुवेदी (प्रिन्सिपल)

रामकृष्ण तिमिल्सिना (अध्यक्ष)
विद्यालय व्यवस्थापन समिति

दिनेशप्रसाद भण्डारी (अध्यक्ष)
विद्यालय संचालक समिति

बालजागृति इंग्लिस सेकेन्डरी स्कूल परिवार
हेटौंडा-२, बासुदेवमार्ग

पसल बिक्रीमा
स्कुलरोडमा चालु अवस्थामा रहेको अति व्यस्त कपडा पसल विशेष कारणले बिक्रीमा ।
फोन नं.: ९८४५४८७२३२

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

प्रोपाईटर: बिनोद शाही ☎ ९८४५०२२५३१, ९८१७२२४३६२
विक्की फ्रेस मिट शप
हेटौंडा-२, चौकीटोल

हामीकहाँ लोकल तथा ब्रोइलर कुखुराको मासु, खसीको मासु, बंगुरको मासु, राँगाको मासु पाउनुको साथै जीउँदो माछा पनि पाईन्छ ।

HETAUDA CITY HOSPITAL PVT.LTD.
Hetauda-1, Sub-metropolitan
Phone: 057-520315
VACANCY ANNOUNCEMENT
Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

S.No.	Designation	No.	Salary (Rs)	Min. Qualifications
1	Staff Nurse	Few	Negotiable	PCL/NHPC registered
2	CMA/ANM	Few	Negotiable	TSLC
3	Receptionist	Few	Negotiable	+2 completed

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना